नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- ०७७/७८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १६९६

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति :- २०७७/११/२८

विषय: प्रतिवद्दता तथा जानकारी गराईदिने सम्बन्धमा।

श्रीमान् प्रमुख ज्यू,
महानगर/उपमहानगर/नगर/गाउँ पालिकाको कार्यालय, सबै।

प्रस्तुत विषयमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी तुल्याउन नेपाल सरकार तथा विश्व वैंक वीच सम्झौता भई यस विभाग अन्तर्गत विश्व बैंकको ऋण सहयोगमा सन्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (Strengthening Systems for Social Protection and Civil Registration Project) कार्यान्वयनमा रहेको छ। यस आयोजनाको मूल उद्देश्य सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ताको पहुँच विस्तार गर्ने र सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीमा सुधार हो।

यसै उद्देश्यको लागि आयोजना संचालन भईरहेको साथै सबै स्थानीय तहमा कम्तीमा १जना एम.आई.यस. अपरेटर र फिल्ड सहायक रहने गरी सेवा इकाई गठन भएको सन्दर्भ यीनै उद्देश्य प्राप्तीको एउटा कडी हो। तथापि आयोजनाको उद्देश्य लक्षित समयानुसार हासिल गर्न सकेको अवस्था रहेन। यसै सन्दर्भमा आयोजनाको म्याद वि. सं. २०८० असार मसान्त सम्म थपहुने प्रकृया शुरु भएको छ। आयोजनाको थप भएको समयावधि सम्म पालिकामा कार्यरत सबै एम.आई.यस. अपरेटर र फिल्ड सहायकहरुलाई निरन्तरता दिन श्रोत अपुगहुने अवस्था भएकोले तहाँ पालिकाको श्रोत साझेदारीमा आगामी आ.ब. को लागि बजेट व्यवस्थापन गर्नुपर्ने अवश्था श्रृजना भएको छ।

अत: स्थानीय तहबाट आगामी आ.ब. को लागि सेवा ईकाइको तलब मध्ये <u>एक चौमाशिक बापत हुन आउने बजेट साझेदारी</u>को लागि अनुरोध छ। सोको लागि <u>एक हप्ता भित्रमा श्रोत साझेदारी प्रतिवद्दतापत्र</u> यस विभागमा पठाई दिनुहुन अनुरोध छ। साथै चालु आ.ब. २०७७।०७८ मा दर्ता शिविर तथा डिजिटाईजेशन गर्ने कार्यको लागि बजेट उपलव्ध गराईएकोमा सो कार्य चालु आ.ब. मा हुन्छ वा हुन्न सोको जानकारी समेत उपलव्ध गराईदिनुहुन सादर अनुरोध छ।

पत्र पठाउनको लागि यस विभागको इमेल ठेगाना info@donidcr.gov.np रहेको छ।

(जितेन्द्र बस्नेत)
महानिर्देशक